नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०८१/८२

च.नं. १३०६

मिति २०८१/१२/०१

विषयः- विवरण उपलब्ध गराइदिने सम्बन्धमा

श्री सबै मन्त्रालय/आयोग/सचिवालय,

सिंहदरवार, काठमाडौं ।

प्रस्तुत बिषयमा यसै साथ संलग्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. २७ मिति २०८१/११/०६ गतेको पत्रवाट व्यहोरा अवगत गरी माग भए बमोजिमको विवरण यथाशिघ्र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको श्रमिक कल्याण शाखामा उपलब्ध गराईदिनुहुन र सो को जानकारी यस मन्त्रालयलाई समेत दिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८१/१२/१

(हरि प्रसाद दाहाल)

शाखा अधिकृत

बोधार्थः

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री सूचना प्रविधि शाखा, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, Website मा राखिदिनुहुन।

इमेल :- internal.mgmt@mofaga.gov.np

व्यावसायिक र सिर्जनशील प्रशासन : विकास समृद्धि र सुशासन

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रमिक कल्याण शाखा)

पत्र संख्याः- ३.३/०८०/८१
चलानी नं.:- ५६

सिंहदरबार, काठमाडौं
नेपाल ।

मितिः वि.सं. २०८१/११/०६
ने.सं.११४४ सिल्लागा, षष्ठी, मङ्गलबार

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

विषयः अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको विवरण उपलब्ध गराईदिने सम्बन्धमा।

प्रस्तुत विषयमा सरकारी सेवामा कार्यरत अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका निमित्त यस मन्त्रालयले विगतदेखि नै पहल गर्दै आएको व्यहोरा अवगत नै छ। गत आ.व. २०८०/८१ मा अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी कार्यविधि तर्जुमाका लागि मन्त्रालयमा समिति गठन भई कार्यविधि (मस्यौदा) तर्जुमा गरिएको र विभिन्न सरोकारवाला निकायहरुसंग छलफल तथा सहमतिको प्रकृयामा रहेको छ। सो कार्यविधि राय तथा सहमतिको लागि अर्थ मन्त्रालयमा पेश हुँदा **"योगदानकर्ताको यथार्थ विवरण सूचीकरण स्वीकृत भएर राज्यको आर्थिक दायित्व समेत आंकलन गर्न सकिने अवस्थामा मात्र सहमति दिन उपयुक्त हुने"** राय प्राप्त भएको हुँदा सरकारी सेवामा कार्यरत अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत रहेका सम्पूर्ण कर्मचारीहरुको विवरण अद्यावधिक गरी आर्थिक दायित्वको विषयमा स्पष्ट आंकलन हुन आवश्यक देखिन्छ।

उपरोक्त सन्दर्भमा संघीय निकायहरुमा स्थायी दरवन्दीमा कार्यरत रहेका अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुको कूल सङ्ख्या तथा हाल कायम कूल दरवन्दीको विवरण यथासिघ्र उपलब्ध गराईदिने व्यवस्थाका लागि आवश्यक समन्वय/सहजीकरण गरिदिनुहुन यस मन्त्रालयको मिति २०८१/११/०६ को (सचिवस्तरीय) निर्णयानुसार अनुरोध छ।

अन्जु सुनार
शाखा अधिकृत

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेव साईटः- www.moless.gov.np